# आमाछोदिङमो गाउँपालिका अध्यक्ष श्री बुचुङ तामाङले गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम

आमाछोदिङमो गाउँपालिका

गोल्जुङवेसी, रसुवा

०५ असार २०८३

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बुचुङ तामाङ

CamScanner

गाउँपालिका उपाध्यक्ष ज्यू,
गाँउसभाका सदस्य ज्यूहरू,
कर्मचारी साथीहरू
तथा आमन्त्रित महानुभावहरू ।

गाउँसभाको २० औं अधिवेशनमा उपस्थित हुनुभएका सभाका सम्पूर्ण आदरणीय सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी साथीहरू, सुरक्षा निकायका मित्रहरू, आमन्त्रित सञ्चारकर्मी साथीहरूका साथै यस कार्यक्रमलाई अनलाइन मार्फत हेरि रहनु भएका सम्पूर्ण महानुभावहरूमा आमाछोदिङमो गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं न्यानो अभिवादन व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरिरहँदा, नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, नागरिक स्वतन्त्रता र सामाजिक रूपान्तरणको महान आन्दोलनमा आफ्नो अमूल्य प्राणको आहुति दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै, यस ऐतिहासिक परिवर्तनको दिशामा मार्गनिर्देश गर्ने अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

सभाका सदस्य ज्यूहरू,

विगतका वर्षहरूमा  सभा समक्ष पेश गरेका नीति, योजना र कार्यक्रमहरूको समीक्षा गर्दै र त्यसबाट प्राप्त भएका सिकाई तथा अनुभवहरूलाई पूँजीकृत गर्दै आगामी वर्षको रूपरेखा तयार गरेको छु । चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हासिल भएका उत्साहजनक उपलब्धिहरूलाई मध्यनजर राख्दै र स्थानीय आवश्यकताको वस्तुनिष्ठ विश्लेषण गर्दै मैले आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष प्रस्ताव गरेको छु ।

आगामी आर्थिक वर्षको यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार तथा बागमती प्रदेश सरकारको नीति एवं कार्यक्रम, चालू पञ्चवर्षीय योजना, गाउँपालिकाको आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना  र दिगो विकास लक्ष्य ले निर्धारण गरेका विषयवस्तुहरूलाई मूल आधार बनाएको छु ।

**"कृषि, पर्यटन, उर्जा र पूर्वाधारः समृद्ध आमाछोदिङमो निर्माणको मूल आधार"** भन्ने गाउँपालिकाको मूल नारालाई केन्द्रविन्दुमा राखी सेवा प्रवाह मार्फत सुशासन प्रवर्द्धन गर्ने र सुशासनकै जगमा दिगो विकास र आर्थिक समृद्धि हासिल गर्न **"स्थानीय स्रोत, स्थानीय सोच — योजना हाम्रो, विकास सबैको"** भन्ने अपनत्वयुक्त भावनाको विकास गराई गाउँपालिकालाई समग्र रूपान्तरणको दिशामा मार्गनिर्देश गर्न यो नीति तथा कार्यक्रम सफल हुने दृढ विश्वास मैले लिएको छु ।

गाउँपालिका भित्रका विभिन्न विषयगत समितिहरू, राजस्व परामर्श समिति, वडा कार्यसमितिहरू, कार्यपालिकाका आदरणीय सदस्यहरू तथा गाउँसभाका सदस्यज्यूहरूबाट प्राप्त महत्वपूर्ण राय-सुझावहरूलाई यसमा समेटने प्रयास गरेको छु । स्थानीय स्तरमा क्रियाशिल राजनीतिक दलहरू, नागरिक समाज, गैरसरकारी सङ्घ-संस्थाहरू, कर्मचारी मित्रहरू र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आमाछोदिङमो गाउँपालिकाको उन्नतिमा चासो राख्नुहुने हाम्रा आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरूबाट प्राप्त भएका रचनात्मक सुझाव, माग एवं जन अपेक्षालाई सम्बोधन गर्न यस नीति तथा कार्यक्रममा विशेष ध्यान दिएको छु ।

**उपाध्यक्ष एवम् सदस्य ज्यूहरू,**
अब म विषय क्षेत्रगत विकाससँग सम्बन्धित नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्दछु।

## १. आर्थिक विकास क्षेत्र

### १.१ कृषि उत्पादन तथा व्यवसायीकरण

- "एक वडा, एक व्यावसायिक कृषि उत्पादन" लाई विशेष जोड दिइनेछ। प्रत्येक वडाको जलवायु र भौगोलिक विशेषतालाई आधार मानेर कृषि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्र उत्पादित कृषि उपज (स्थानीय आलु, सिमी, मह, चौंरीको छुर्पी/घ्यू) लाई प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोडिनेछ।
- रैथाने बाली (मार्सी धान, कालो मुसुरो, खैरो भट्टमास, फापर, करु, जौ) को संरक्षण, उत्पादन विस्तार र ब्रान्डिङ गरिनेछ।
- जैविक कृषिलाई प्रोत्साहन गरिनेछ। जैविक मल उत्पादन तथा जैविक कीटनाशक प्रयोगमा कृषकहरूको क्षमता विकास गर्न तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषकहरूलाई ५० देखि ७५ प्रतिशत सम्मको अनुदानमा उन्नत, रोग प्रतिरोधी र जलवायु-अनुकूलित बीउबिजन, फलफूलका बिरुवा र कृषि औजार सामग्रीहरू वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- हिउँदे खेती र तरकारी उत्पादन बढाउन पानीका मुहान संरक्षण, साना सिंचाई कुलो निर्माण र आकाशे पानी संकलनका लागि 'प्लास्टिक पोखरी' तथा ' थोपा सिंचाइ' प्रविधिलाई प्रवर्द्धन गरिनेछ।
- कृषि तथा साना किसान सहकारीहरूको संस्थागत क्षमता विकास गरिनेछ।

### १.२ पशुपालन

- याक, भेडा, बाख्रा, गाई/चौंरीगाई पालनलाई व्यावसायिक रूप दिन कृषकलाई प्रोत्साहित गरिनेछ।
- भौगोलिक विकटताका कारण पशु बिरामी हुँदा अस्पताल ल्याउन नसक्ने अवस्थालाई अन्त्य गर्न गाउँपालिकाले आकस्मिक पशु स्वास्थ्य उपचार र भ्याक्सिन सेवा दिन **'प्राविधिक सहितको मोबाइल भेटेरिनरी सेवा'** सञ्चालन गर्नेछ।
- उपयुक्त पशु नस्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- दूध, ऊनको स्थानीय प्रशोधन र बजार व्यवस्थापन गरिनेछ।
- परम्परागत खर्कहरूको दिगो व्यवस्थापनका लागि डालेघाँस तथा पोषिलो भुइँघाँसको बीउ छर्ने र गोठाला तथा पशु चौपायाहरूका लागि पानी तथा आश्रयस्थलको व्यवस्थापन गरिनेछ।
- परम्परागत गोठालो संस्कृतिको जगेर्ना र खर्कहरूको वैज्ञानिक व्यवस्थापनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

### १.३ जडीबुटी तथा वनस्पति

- जडीबुटी खेति गर्न इच्छुक कृषकहरूलाई संगठित गरी सहकारीमार्फत बजार पहुँच सुनिश्चित गरिनेछ।
- वन क्षेत्रमा जडीबुटी खेती प्रवर्धन गरिनेछ।

नामाथोङ्मो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

- गाउँपालिका भित्र पाइने बहुमूल्य जडीबुटी तथा वनस्पतिहरूको अध्ययन गरी 'जडीबुटी प्रोफाइल र नक्साङ्कन' गरिनेछ। हावापानी र भूगोलका आधारमा निश्चित क्षेत्रलाई **"जडीबुटी पकेट क्षेत्र"** घोषणा गरिनेछ।
- जडीबुटी संकलन गर्दा जथाभावी उखेल्ने र विनाश गर्ने परिपाटीलाई रोक्न सङ्कलकहरूलाई **"दिगो संकलन विधि"** सम्बन्धी तालिम प्रदान गरिनेछ।
- गाउँपालिकामा उत्पादन हुने जडीबुटी, टिमुरको धुलो, सिस्नोको पाउडर, जस्ता वस्तुहरूलाई ल्याब टेस्ट गराई विशिष्ट ब्रान्डिङ तथा प्याकेजिङ गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्न आवश्यक कार्य गरिनेछ।

## १.४ पर्यटन

आमाछोदिङमो गाउँपालिका धार्मिक, प्राकृतिक र सांस्कृतिक पर्यटनको दृष्टिले उल्लेखनीय सम्भावना राखेको क्षेत्र हो। यस सम्भावनाको पूर्ण उपयोग गर्न:

- पार्वतीकुण्ड लगायत गाउँपालिका भित्रका कुण्डहरूमा पर्यटकमैत्री सुविधाहरू विश्राम स्थल, शौचालय, सूचना केन्द्रको निर्माण तथा सुधार गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पर्यटन व्यवसायी, ब्लगर र सञ्चारकर्मीहरूलाई आमन्त्रण गरी परिचयात्मक भ्रमण गराइनेछ र डिजिटल माध्यमबाट व्यापक प्रचार प्रसार गरिनेछ।
- **Hospitality सहितको Home Stay सेवा** मार्फत पर्यटकलाई आकर्षित गर्ने नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाको पर्यटन नक्सा तथा प्रचारप्रसार सामग्री तयार गरिनेछ। डिजिटल पर्यटन प्रवर्धनका लागि वेबसाइट र सामाजिक सञ्जाल सक्रिय गरिनेछ।
- पदमार्गहरूमा आपत्कालीन सहायता नम्बर, दिशासूचक बोर्ड, विश्राम स्थलको व्यवस्था गरिनेछ।
- तामाङ संस्कृतिमा आधारित सांस्कृतिक पर्यटन प्याकेज विकास गरिनेछ।
- गत्लाङ गाउँलाई सांस्कृतिक तथा कालो गाउँको रूपमा विकास गरी पर्यटन प्रवर्धन गरिनेछ।
- स्थानीय चाडपर्व, मेला, लोकनृत्य र संगीतका कार्यक्रमहरूलाई पर्यटकीय आकर्षणको रूपमा विकास गर्न स्थानीय कलाकारहरूको क्षमता विकासका लागि आवश्यक कार्य गरिनेछ।
- हस्तकलाका उत्पादनलाई Made in Aamachhodingmo को रूपमा पर्यटन बजारसँग जोडिनेछ।

## १.५ घरेलु उद्योग, बाणिज्य तथा सहकारी

- गाउँपालिका भित्र परम्परागत रूपमा रहेका घरेलु उद्योगलाई व्यवसाय उन्मुख बनाईनेछ।
- युवा तथा उद्यमीहरूलाई तालिम र सहुलियत ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय गरि गाउँपालिका जमानी बसिदिनेछ।
- गाउँपालिका क्षेत्रभित्र दर्ता भई निष्क्रिय वा शिथिल अवस्थामा रहेका सहकारी संस्थाहरूको वस्तुगत अवस्था पहिचान गरी पुनःउत्थान वा सुदृढीकरण गरिनेछ। यस्ता सहकारीहरूलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै कृषक, बेरोजगार युवा तथा साना उद्यमीहरूलाई सहकारीको माध्यमबाट उद्यमशीलता र स्वरोजगारका अवसरहरूसँग आबद्ध गरी आयआर्जनमा वृद्धि गरिनेछ।

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

### १.६ ऊर्जा तथा जलस्रोत

- एलपी ग्यासको आयात प्रतिस्थापन गर्न र जलविद्युतको आन्तरिक खपत बढाउन गाउँपालिका भित्रका प्रत्येक घरधुरी र विद्यालयका दिवा खाजा कार्यक्रममा क्रमशः विद्युतीय चुल्हो प्रयोग गर्न प्रोत्साहन र अनुदानको व्यवस्था गरिनेछ।
- स्थानीय रोजगारी सिर्जनामा जलविद्युत् कम्पनीहरूसँग आवश्यक समन्वय गरिनेछ।
- आयोजनाहरूले कानुन बमोजिम खर्च गर्नुपर्ने संस्थागत सामाजिक उत्तरदायित्व ( CSR) को बजेटलाई खुद्रा रूपमा छर्न दिइने छैन।
- आयोजनाहरूमा आवश्यक पर्ने दक्ष, अर्ध-दक्ष र अदक्ष जनशक्ति भर्ना गर्दा विशेष गरी अति प्रभावित तथा प्रभावित क्षेत्रका नागरिकहरूलाई प्राथमिकता दिन अनिवार्य गरिनेछ।
- आयोजनाले नदीको पानी फर्काउँदा कानुनी मापदण्ड बमोजिम हिउँदमा समेत नदीमा छाड्नुपर्ने अनिवार्य पानी छाडे/नछाडेको अनुगमन गरिनेछ।

## २ सामाजिक विकास क्षेत्र

### २.१ विद्यालय शिक्षा

गुणस्तरीय शिक्षाको पहुँच सबैका लागि सुनिश्चित गर्न निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछ:

- गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गरिनेछ।
- गाउँपालिकाले अनिवार्य तथा निशुल्क शिक्षा घोषणा गरि प्रतिवद्धता समेत जनाई सकेको सन्दर्भमा सो को कार्यान्वयनका साथ यस आव देखि Zero Dropout अभियान कार्यक्रम सञ्चालन गरिनेछ।
- परम्परागत तालिम भन्दा पनि विद्यालयमा आधारित र शिक्षक-शिक्षक बीचको अनुभव आदानप्रदानलाई प्रोत्साहन गर्न 'शिक्षक मेन्टरिङ' कार्यक्रमलाई सघन रूपमा लागू गरिनेछ।
- प्रत्येक विद्यालयमा इन्टरनेट, कम्प्युटर प्रयोगशाला र डिजिटल सिकाइ सामग्रीको साथै डिजिटल हाजिरी उपलब्धता सुनिश्चित गरिनेछ।
- माध्यमिक तहमा क्रमशः **'स्मार्ट बोर्ड/प्रोजेक्टर' सहितको डिजिटल सिकाई** प्रणाली लागू गरिनेछ। शिक्षकहरूका लागि अनिवार्य "आइसिटी र अनलाइन शिक्षण विधि" सम्बन्धी विशेष तालिम सञ्चालन गरिनेछ।
- सबै विद्यालयमा पर्याप्त र स्वच्छ पिउने पानी तथा छात्र र छात्राका लागि छुट्टाछुट्टै, महिनावारी मैत्री (Sanitary Pad सहितको) शौचालयको व्यवस्था सुनिश्चितता गरिनेछ।
- "एक विद्यालय, एक सङ्ग्राहालय" कार्यक्रमको शुरूवात गरिनेछ।
- गाउँपालिकाको शिक्षा शाखा, स्रोत व्यक्ति र परामर्शदाताहरू मार्फत विद्यालयहरूको नियमित, आकस्मिक अनुगमनका कार्यहरू गरिनेछ भने आगामी आर्थिक वर्षमा विद्यालको पूर्वाधार तथा पर्फमेन्स अडिटको कार्य गरिनेछ।
- **अध्यक्षसँग विद्यालय शैक्षिक सुधार कार्यक्रम** अन्तरगत कार्यसम्पादनका आधारमा वर्षभरि उत्कृष्ट काम गर्ने प्रअ र शिक्षक र उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई अध्यक्षबाट सार्वजनिक रूपमा नगदसहित

CamScanner

विशेष सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै कक्षा ८ र १० को नतिजा सुधारका लागि गणित, विज्ञान र अंग्रेजी विषयमा 'विशेष शिक्षण सहयोग कार्यक्रम' सञ्चालन गरिनेछ ।

- आगामी आर्थिक वर्षदेखि उच्च शिक्षा तर्फ **MBBS र इन्जिनियरिङ छात्रवृत्ति कार्यक्रम** सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययन पुरा गरेपश्चात् निश्चित अवधि पालिकाभित्रै अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- बाल विकास केन्द्र सहजकर्ताहरूलाई न्यूनतम पारिश्रमिकको सुनिश्चितता गर्दै नियमित तालिम प्रदान गरिनेछ ।
- विद्यार्थीहरूलाई विद्यालय पोशाक तथा स्टेसनरी वितरणका कार्यक्रमहरू विभिन्न गैरसरकारी संस्थाहरू समेतको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

### २.२ स्वास्थ्य तथा पोषण

- नागरिकको आधारभूत स्वास्थ्य सेवाको अधिकारलाई प्रत्याभूति गर्न गाउँपालिका मातहतका स्वास्थ्य चौकीहरूमा नेपाल सरकारद्वारा तोकिएका अत्यावश्यक निःशुल्क औषधिहरूको निरन्तर उपलब्धता सुनिश्चित गरिनेछ। साथै, स्थानीय आधारभूत अस्पतालको सेवा प्रवाहलाई गुणस्तरीय र प्रविधिमैत्री बनाउन आवश्यक उपकरणात्मक पूर्वाधारहरू (जस्तै: डिजिटल एक्स-रे, भिडियो एक्स-रे तथा ल्याव सेवा) को प्रबन्ध गरी स्वास्थ्य सेवालाई भरपर्दो र सुलभ बनाइनेछ ।
- गाउँपालिकाका प्रमुख स्वास्थ्य संस्थाहरूमा नसर्ने रोगको स्क्रिनिङका लागि आवश्यक न्यूनतम ल्याब सेवा विस्तार र सुदृढीकरण गरिनेछ ।
- खोप कार्यक्रमलाई प्रभावकरी बनाउँदै खोप कभरेज शतप्रतिशत पुऱ्याउने लक्ष्य राखिनेछ ।
- शून्य होम डेलिभरी' को लक्ष्य हासिल गरी सुरक्षित मातृत्वको प्रत्याभूति गर्न संस्थागत सुत्केरी सेवालाई प्रोत्साहन गरिनेछ । स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने आमा र नवजात शिशुको स्वास्थ्य रक्षा तथा स्थानीय पहिचानको प्रवर्द्धनका लागि स्थानीय उत्पादन **'छाड्मो' र 'न्यानो झोला'** उपहार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बर्थिङ सेन्टरहरूको चौबीसै घण्टा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- **'उपाध्यक्षसँग गर्भवती महिला'** कार्यक्रम अन्तरगत गर्भवती महिलाहरूलाई सुत्केरी हुन स्वास्थ्य संस्था वा अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- मृगौला, क्यान्सर, मेरुदण्ड पक्षघात लगायत दीर्घ रोगका बिरामीलाई उपचार सहायता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम र छात्राहरूका लागि स्यानिटरी प्याड वितरण तथा विसर्जनको उचित व्यवस्थापन स्वास्थ्य र शिक्षा शाखाको समन्वयमा हुने व्यवस्था मिलाइनेछ ।
- जनस्वास्थ्यको मेरुदण्डका रूपमा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोवल उच्च राख्न उनीहरूलाई वार्षिक रूपमा थप प्रोत्साहन भत्ता, सञ्चार खर्च र स्वास्थ्य बीमा निःशुल्क गरिदिने नीतिलाई निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध बहुमूल्य जडीबुटीहरूको पहिचान र प्रवर्द्धन गर्दै आयुर्वेद तथा प्राकृतिक चिकित्सा सेवालाई नागरिकको छनौट अधिकारका रूपमा विस्तार गरिनेछ ।

CamScanner

- बालबालिकामा कुपोषण न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्थाहरूमा "पोषण कर्नर र पोषण बगैंचा" कार्यक्रम सञ्चालन गरिनेछ।
- मानसिक स्वास्थ्य सेवाको पहुँच बढाउन स्वास्थ्यकर्मीहरूलाई तालिम दिइनेछ।
- सामुदायिक स्तरमा मानसिक स्वास्थ्य जागरण कार्यक्रम सञ्चालन गरिनेछ।

## २.३ खानेपानी तथा सरसफाइ

- सबै वडामा सुरक्षित र शुद्ध खानेपानीको आपूर्ति सुनिश्चित गरिनेछ।
- जलवायु परिवर्तनका कारण खानेपानीका मुहान सुक्ने समस्या समाधान गर्न मुहान वरपर वृक्षारोपण, रिचार्ज पोखरी, र इनार खन्ने कार्यलाई वन तथा वातावरण शाखासँग समन्वय गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ।
- विद्यमान खानेपानी योजनाहरूको मर्मतसम्भार र विस्तार गरिनेछ।
- समुदाय स्वच्छता अभियान कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय र स्वास्थ्य संस्थाहरूमा शुद्ध खानेपानी, शौचालय र हात धुने ठाउँको व्यवस्थालाई थप सुदृढ गरिनेछ।

## २.४ युवा तथा खेलकुद

- युवाहरूलाई स्वरोजगार र उद्यमशीलतामा प्रोत्साहन गर्न तालिम र सहुलियत ऋणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- गाउँपालिका भित्रका बेरोजगार युवा, दक्ष/अर्ध-दक्ष जनशक्ति र श्रमिकहरूको विवरण समेटिएको 'श्रम बैंक' स्थापना गरिनेछ। गाउँपालिका र वडा स्तरबाट सञ्चालन हुने न्यूनतम १० लाख भन्दा माथिका पूर्वाधार विकास योजनाहरूमा उपभोक्ता समिति वा ठेकेदारले अनिवार्य रूपमा श्रम बैंकमा दर्ता भएका स्थानीय श्रमिकहरूलाई परिचालन गर्नुपर्ने नीति लागू गरिनेछ।
- स्थानीय कच्चा पदार्थ (जस्तै: बाँस, निगालो, अल्लो, जडीबुटी, कृषि उत्पादन वा ढुङ्गा/काठ) मा आधारित साना तथा घरेलु उद्योग स्थापना गर्न चाहने उद्यमीहरूलाई प्रारम्भिक दर्ता, नवीकरण र स्थानीय करमा शतप्रतिशत छुट दिइनेछ।
- रैथाने तथा परम्परागत उद्योगहरू (जस्तै: राडीपाखी, छुर्पी उद्योग, काठका भाँडाकुँडा, हाते कागज) को उत्पादकत्व बढाउन आधुनिक मेसिनरी औजार (Grinder, Dryer, Packaging Machine) ५० देखि ७५ प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ।
- गाउँपालिका भित्रका उद्यमीहरूले उत्पादन गरेका सामग्रीहरू (जस्तै: हस्तकला, घ्यू, मह, छुर्पी, अर्गानिक खाद्यान्न) को संकलन र बिक्री वितरणका लागि प्रमुख पर्यटकीय क्षेत्र वा बजार क्षेत्रमा 'गाउँपालिका कोसेली घर/बिक्री केन्द्र' स्थापना गरिनेछ।
- प्रतियोगितात्मक खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २.५ महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक

- अपाङ्ग व्यक्तिहरूको पहिचान, परिचयपत्र वितरण र अपाङ्गता अनुकूल सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

- ज्येष्ठ नागरिक स्वास्थ्य सेवा तथा सामाजिक संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- शारीरिक रूपमा अशक्त र बैंकसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिकहरूका लागि स्थानीय बैंकहरूसँग समन्वय गरी **वडा कार्यालय वा घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण** गर्ने प्रणालीलाई अनिवार्य र प्रभावकारी बनाइनेछ।
- आर्थिक सशक्तीकरणका लागि महिलाहरूलाई खाद्य प्रशोधन, हस्तकला जस्ता व्यावसायिक सीप तालिम दिइनेछ।
- लैंगिक हिंसा विरुद्धको जागरण अभियान सञ्चालन गरिनेछ। पीडित महिलाहरूलाई कानुनी सहायता र सेवा उपलब्ध गराइनेछ।
- अपाङ्गता भएका व्यक्ति महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि सिपमुलक जीवन निर्वाह हेरचारह तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविवाह मुक्त गाउँपालिका' बनाउनका लागि आवश्यक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, दलित तथा अन्य बालबालिकाका लागि पोषण भत्तालाई नियमित रूपमा बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- सामाजिक सुरक्षा परिचयपत्र वितरण र नवीकरण अभियान सञ्चालन गरिनेछ।
- लक्षित वर्गहरूको पहिंचान र तथ्यांक अद्यावधिक गरिनेछ।

### २.६ सांस्कृतिक सम्पदा संरक्षण तथा भाषा साहित्य

- गाउँपालिका क्षेत्रमा रहेका गुम्बा, मन्दिर र अन्य धार्मिक सम्पदाहरूको संरक्षण तथा सम्वर्धन गरिनेछ
- घले, तामाङ र अन्य स्थानीय समुदायका परम्परागत ज्ञान, कला, नृत्य, संगीत र भाषाको दस्तावेजीकरण तथा संरक्षण गरिनेछ।
- तामाङ भाषा र लिपिको संरक्षण तथा प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय भाषामा शिक्षण सामग्री विकास र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ३. भौतिक पूर्वाधार क्षेत्र

### ३.१ सडक तथा यातायात पूर्वाधार

- गाउँपालिका भित्रका ग्रामीण कृषि सडकहरूको स्तरोन्नति तथा नियमित मर्मत सम्भारका कार्यहरू गरिनेछ।
- भिरालो र जोखिमयुक्त क्षेत्रका सडकहरूमा सुरक्षा संरचना (रिटेनिङ वाल, ग्याबियन ) निर्माण गरिनेछ
- वर्षात्को समयमा हुने पहिरो तथा प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त सडकहरूको तत्काल मर्मत गर्न आपत्कालीन कोष व्यवस्था गरिनेछ।
- खच्चड तथा पैदल मार्गहरूको सुधार गरीनेछ।

गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

### ३.२ भवन, आवास तथा व्यवस्थित वस्ति विकास

- गाउँपालिका क्षेत्रभित्र सार्वजनिक तथा निजी भवन निर्माणलाई व्यवस्थित र सुरक्षित बनाउन 'राष्ट्रिय भवन संहिता (NBC)' र 'भवन निर्माण मापदण्ड' गाउँपालिकाको पूर्वाधार विकास ऐनलाई कडाईका साथ लागू गरिनेछ।
- गाउँपालिका भित्र नयाँ बन्ने सबै सरकारी भवन, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा अनिवार्य र्‍याम्प, अपाङ्गता मैत्री शौचालय, र स्तनपान कक्षको व्यवस्था गर्ने।
- स्थानीय डकर्मी र सिकर्मीहरूलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी प्राविधिक तालिम प्रदान गरी 'तालिम प्राप्त डकर्मी' को सूची तयार गर्ने कार्यको थालनी गरिनेछ। गाउँपालिकाको योजना कार्यान्वयन गर्दा एउटा योजनामा अनिवार्य २ जना सूचीकृत डकर्मी हुनै पर्ने नीति लागू गरिनेछ।
- गाउँपालिकाको मौलिक पहिचान जोगाउन स्थानीय ढुङ्गा, काठ र माटोको प्रयोग गरी बन्ने भूकम्प प्रतिरोधी घरहरूको मौलिक बुट्टा र बाहिरी स्वरुपलाई प्रोत्साहन गर्न नक्सा पास दस्तुरमा विशेष छुट दिइनेछ।
- भूमिहीन वा जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित आवासका लागि जग्गा प्राप्ति र आवास निर्माणमा 'सुरक्षित नागरिक आवास कार्यक्रम' सँग आवद्ध गराउन सङ्घ र प्रदेश सरकारसँ आवश्यक पहल गरिनेछ।
- बजार क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरूको लगत राख्ने र ती ठाउँमा बाल उद्यान तथा ज्येष्ठ नागरिक मिलन केन्द्रको लागि पूर्वाधार विकास गर्ने कार्य गरिनेछ।
- स्थानीय बजार क्षेत्रहरूमा पर्यटकमैत्री सुविधाहरू (विश्रामस्थल, शौचालय, सूचना केन्द्र) जस्ता पूर्वाधारहरूको निर्माण गरिनेछ।

### ३.३ विद्युत् तथा नवीकरणीय ऊर्जा

- जलविद्युत आयोजनाहरूबाट गाउँपालिकालाई प्राप्त हुने प्राकृतिक स्रोतको रोयल्टी रकमलाई नागरिक राहतमा केन्द्रित गरिनेछ। जलविद्युत आयोजनाको रोयल्टी आयबाट गाउँपालिका भित्रका प्रत्येक घरधुरीको मासिक ५० युनिटसम्मको न्यूनतम विद्युत महशुल अनुदान स्वरूप गाउँपालिकाले भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाका प्रमुख बजार क्षेत्र, प्रशासनिक भवन, स्वास्थ्य चौकी, विद्यालय र पर्यटकीय नाकाहरूमा स्वचालित **'स्मार्ट सोलार सडक बत्ती'** जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ४ वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

### ४.१ वन तथा वातावरण संरक्षण

- सामुदायिक वनहरूको व्यवस्थापन र संरक्षण गरिनेछ। वन अतिक्रमण र अवैध वन कटान तथा डढेलो रोक्न प्रभावकारी उपाय अवलम्बन गरिनेछ।

आमाछोदिङ्मो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

- वृक्षारोपण अभियान सञ्चालन गरिनेछ। विशेषतः गतलाङ गोठेन क्षेत्रमा उजाडिएको वन क्षेत्रमा व्यापक वृक्षारोपण गरिनेछ भने अन्य वडाहरूमा पनि खालि रहेका पाखा, सडक किनार र सार्वजनिक स्थानमा स्थानीय प्रजातिका बिरुवा रोप्ने कार्यलाई व्यापकता दिइनेछ।
- कुण्ड संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका प्रमुख पहिरो प्रभावित र जोखिमयुक्त क्षेत्रहरूमा बायो-इन्जिनियरिङ प्रविधि (स्थानीय बाँस, अम्रिसो र ग्याबियन जालीको एकीकृत प्रयोग) मार्फत भू-क्षय नियन्त्रणका प्रयासहरू गरिनेछ।
- वन तथा वातावरण संरक्षणका लागि ग्रामीण विकास संस्था र शिक्षा नीति तथा अभ्यास केन्द्रसँग गाउँपालिकाले सहकार्यमा कार्यक्रम सञ्चालन गरि रहेको छ त्यसलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

### ४.२ जलवायु परिवर्तन अनुकूलन

- जलवायु परिवर्तनको असरबारे स्थानीय जनचेतना अभिवृद्धि गरिनेछ।
- जलवायु अनुकूल खेतीपाती, पानी संरक्षण र दिगो ऊर्जा प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- जलवायु अनुकुलन खेती प्रणाली तथा पशुपालको लागि ग्रामीण विकास संस्थासँग लागत साझेदारीमा कार्यक्रमहरू सञ्चाल भइरहेकोमा आगामी आर्थिक वर्षमा पनि लागत साझेदारीमा कार्यक्रम सञ्चाल गरिनेछ।

### ४.३ विपद् व्यवस्थापन

- गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा तथा सोको कार्यान्वयन गरिनेछ।
- विपद् पूर्वसूचना प्रणाली स्थापनाका लागि पहल गरिनेछ।
- खोला किनार र पहिरो जोखिम क्षेत्रमा बस्ने परिवारहरूको स्थानान्तरणको व्यवस्थाका लागि जिल्ला प्रदेश तथा केन्द्रीय विपद व्यवस्थापन समितिहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- खोज, उद्धार र राहत सामग्रीको भण्डारण गरिनेछ। विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल र चुस्त बनाइनेछ।
- प्रत्येक वडाका स्थानीय युवा, रेडक्रसकर्मी र क्लबहरूलाई समेटेर 'खोज तथा उद्धार कार्यदल' गठन गरिनेछ।
- आकस्मिक उद्धार, राहत र पुनरुत्थानका लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट 'स्थानीय विपद् व्यवस्थापन कोष' मा रकम अनिवार्य जम्मा गरिनेछ।
- प्रत्येक वडामा आकस्मिक विपद्को बेला 'आश्रय स्थल' को रूपमा समेत प्रयोग गर्न सकिने गरी बहुउद्देश्यीय सामुदायिक भवनको निर्माण गरिनेछ।

### ४.४ फोहोरमैला व्यवस्थापन

- गाउँपालिका भित्र फोहोर व्यवस्थापनको लागि निर्मित डम्पिङ साइटहरूमा तारबार गरि सुरक्षित तरिकाले कुहिने र नकुहिने फोहोरको व्यवस्थापन गरिनेछ।
- कुहिने फोहोरलाई मल बनाउन आवश्यक कार्य गरिनेछ।

CamScanner

- वर्गीकरण नभएको फोहोर साइटहरूमा जथाभावि रूपमा फ्याँकन पूर्ण रूपमा प्रतिबन्ध लगाइनेछ।
- सबै वडाहरूलाई क्रमशः प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्दै प्लाष्टिक जन्य सामग्रीको प्रयोगलाई सकेसम्म कम प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ प्रशासनिक सुदृढीकरण

- गाउँपालिकाको संगठन तथा व्यवस्थापन संरचनालाई थप प्रभावकारी बनाइनेछ। समय समयमा विभिन्न कारणले रिक्त हुने दरबन्दीहरू पूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाइनेछ।
- प्रमुख प्रशासकीय अधिकृत र सबै कर्मचारीहरू बीच आगामी आर्थिक वर्षको पहिलो महिनामा नै **कार्यसम्पादन सम्झौता** गरिनेछ। कर्मचारीको वृत्तिविकास र प्रोत्साहनलाई लक्ष्य र प्राप्त नतिजासँग जोडिनेछ।
- गाउँपालिका भित्र कार्यरत सबै कर्मचारीहरूलाई नेपाल सरकारले वृद्धि गरेको दश प्रतिशत तलव वृद्धि तथा महँगी भत्ता सुनिश्चित गरिनेछ भने १० प्रतिशत प्रोत्साहन भत्ता कार्यसम्पादनको आधारमा गरिनेछ।
- प्रोत्साहन भत्ता थपको कार्यसम्पादन सूचक श्रावण महिना भित्र बनाई लागु गर्ने प्रबन्ध मिलाईनेछ।
- करार कर्मचारीको सेवा सर्त र सुविधा कार्यालयसँग हुने सेवा करार सम्झौता अनुसार हुने व्यवस्था मिलाइने छ।
- करारमा कार्यरत कर्मचारीहरूलाई नेपाल सरकारले तोके बमोजिम सामाजिम सुरक्षा कोषमा आवद्ध गराउने विगत वर्ष देखिको नीतिलाई चालू आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।
- कर्मचारीहरूलाई आवधिक तालिम तथा क्षमता विकास कार्यक्रममा सहभागी गराइनेछ। आगामी आर्थिक वर्ष सूचना प्रविधि, वित्तीय व्यवस्थापन र योजना तर्जुमामा दक्षता अभिवृद्धि गरिनेछ।
- नागरिकहरूले घटना दर्ता, नागरिकता लगायत सेवाहरू अनलाइनमार्फत प्राप्त गर्न सक्ने व्यवस्थालाई निरन्तरता दिँदै विभिन्न वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सामान्य सिफारिसहरूलाई समेत अनलाइन अनुरोधका आधारमा दिने व्यवस्था मिलाइनेछ।
- आगामी आर्थिक वर्षलाई बेरूजु फर्छ्यौटको अभियान वर्षको रूपमा मनाइनेछ।

### ५.२ राजस्व व्यवस्थापन

- गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न कर तथा दस्तुर संकलन प्रणाली सुदृढ गरिनेछ।
- पर्यटन पूर्वाधार, व्यावसायिक प्रतिष्ठान तथा जलस्रोत उपयोगसँग सम्बन्धित राजस्व स्रोतहरूको वैज्ञानिक व्यवस्थापन गरिनेछ।
- दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल तथा विधवा महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा तोकिए बमोजिम छुट दिने नीति लिईनेछ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका तर हालसम्म गाँउपालिकामा दर्ता नभएका पसल, होटल, घरेलु उद्योग र ढुवानी व्यवसायहरूलाई अनिवार्य रूपमा स्थानीय तहको व्यवसाय करको दायरामा ल्याइनेछ। तोकिएको अवधि भित्र दर्ता हुन आउनेलाई जरिवाना छुटको व्यवस्था गरिनेछ।

गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

- चालू आर्थिक वर्ष देखि नै सबैभन्दा वढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरी आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।
- समयमै कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सेवा सुविधा आंशिक रूपमा रोक्का गर्दै जाने नीति लिइनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ ।
- **"नियमित तिरौं कर, तिरेको कर विकास मार्फत फर्किन्छ घर घर"** भन्ने यथार्थतालाई कर सचेतना कार्यक्रम बुझाइनेछ । यस आवमा सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरिनेछ ।

### ५.३ न्यायिक तथा मेलमिलाप

- न्यायिक समितिको कामलाई मर्यादित र व्यवस्थित बनाउन गाउँपालिकामा छुट्टै 'न्यायिक इजलास' (Judicial Bench) र कार्यकक्षको व्यवस्थापन गरिनेछ। विवादका पक्षहरूको गोपनीयता कायम राख्दै बयान र बहस लिने वातावरण निर्माण गरिनेछ ।
- दर्ता भएका उजुरी, म्याद तामेली, तारिख, फैसला र मेलमिलाप भएका विवादहरूको रेकर्ड व्यवस्थित तरिकाले राख्ने प्रबन्ध मिलाइनेछ ।
- गाउँको विवाद गाँउमै सानातिना विवादका लागि नागरिकलाई गाउँपालिकाको केन्द्रसम्म धाउनुपर्ने बाध्यताको अन्त्य गर्न सबै वडाहरूमा 'वडा स्तरीय मेलमिलाप केन्द्र' लाई सक्रिय बनाइनेछ ।
- विद्यालयका (कक्षा ६–१२) विद्यार्थीहरूलाई लक्षित गरी घरेलु हिंसा, बालविवाह, साइबर अपराध, र लागूऔषध दुर्व्यसनी विरुद्ध सचेतना जगाउन स्वास्थ्य र शिक्षा शाखाको समन्वयमा 'कानुनी सचेतना कक्षा' सञ्चालन गरिनेछ ।
- न्यायिक समितिमा सिधै आउन डराउने वा अप्ठ्यारो मान्ने पीडितहरूका लागि प्रत्येक वडा कार्यालयमा गोप्य उजुरी पेटिका राख्ने व्यवस्था मिलाइनेछ ।

आमाछोदिङमो गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम गाउँपालिकाका सबै नागरिकको समृद्धि, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको लागि व्यापक रूपमा तर्जुमा गरिएको छ । यस गाउँपालिकाका विशिष्ट भौगोलिक, सांस्कृतिक र प्राकृतिक विशेषताहरूलाई मध्यनजर गर्दै जलस्रोत, पर्यटन, जडीबुटी र कृषि क्षेत्रमा विशेष जोड दिइएको छ ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्न स्थानीय जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, संघ संस्था, सहकारी, महिला समूह आमा समूह र सबै नागरिकको सक्रिय सहभागिता र सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद!**

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेसी, रसुवा बागमती प्रदेश, नेपाल

CamScanner